आज मिति २०७६ साल फागुण महिनाको १८ गते आइतावार दिनको ११:०० बजे मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा निम्न अनुसार उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| सि.न | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरिनारायण महतो | |
| २ | उप प्रमुख | तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | बिहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकबाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खुदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त बहादुर बलमपाकी | |
| ९ | वडा अध्यक्ष (७) | युवराज उप्रेती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सबिन बिक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | बेद बहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी महतो | |
| १५ | " " | ठेट कुमारी दहाल | |
| १६ | " " | रेणु हेन्जन | |
| १७ | " " | सीता भित्रिकोटी | सीता |
| १८ | " " | अनिता परियार | अनिता |
| १९ | " " | राजदेव ठाकुर | |
| २० | " " | गुलाब ठाकुर | |
| २१ | " " | देवी बहादुर तोलांगे | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | राम कुमार कार्की | |
| | | सहयोगी कर्मचारीहरु | |
| १ | अशोक कुमार भण्डारी | अधिकृत सातौं | |
| २ | नवराज पौडेल | अधिकृत छैठौं | |
| ३ | जिना लामा | स.चौथो तह | |
| | | | |
| | | | |
| | | | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको

## प्रस्ताव तथा निर्णयहरु

## मिति २०७६।११।१८

**बैठकका प्रस्तावहरु**

प्रस्ताव नं. १ – बहु क्षेत्रिय पोषण कार्यक्रमका निर्णय संशोधन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. २ – सि.सि. टिभि क्यामेरा जडान सम्बन्धमा ।
प्रस्ताव नं. ३ – आर्थिक सहायता सम्बन्धमा ।
प्रस्ताव नं. ४ – वडा नं. ११ मा फल वितरणको लागि तथ्याङ्क सकलन र वितरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ५ – कार्यपालिकाको बैठक सम्बन्धमा ।
प्रस्ताव नं. ६ – पाँचौ नगरसभा सम्बन्धमा ।
प्रस्ताव नं. ७ – योजना थप,घट र संशोधन सम्बन्धमा
प्रस्ताव नं. ८ – आर्थिक विवरण सम्बन्धमा ।
प्रस्ताव नं. ९ – नगरसभाको लागि योजना सम्बन्धि कामको जिम्मेवारी सम्बन्धमा ।
प्रस्ताव नं. १० – नगरसभाको व्यवस्थापनको जिम्मेवारी सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

निर्णय नं.१ – प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७६।०५।२६ का कार्यपालिकाका बैठकमा निर्णय नं. २ मा नर्मापत्र अनुसारको बहु क्षेत्रिय पोषण कार्यक्रमलाई २०७६/०७७ को लागि गरिएको बाँडफाँड यस नगरपालिकाबाट श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको बजेट तथा मन्त्रालयमा प्रविष्ट भएको र यस कार्यपालिकाका मिति २०७६।०५।२६ को निर्णय नं. २ मा फरक भएकोले सो निर्णयलाई संशोधन गरि नर्मापत्र अनुसारको बजेटका परिधीभित्र रहि कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय पारित गरियो ।

नर्मापत्र २०७६।०५।२६ को निर्णय अनुसार

| | विवरण | संख्या | दर | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | संक्षिप्तमपूर्ण समयमा हातधुने बानी व्यवहारमा प्रवर्द्धनको लागि अभिमुखीकरण सहित धारा सेट सहितको बाल्टिन,नेलकटर,साबुन वितरण प्रत्येक सहभागीलाई रु.७०० /-का दरले एक पटकको सहभागी संख्या ५० जनाको खर्च रु.३५०००/- तथा २ दिन तालिम (८ सेसन) सबै विषयगत शाखाबाट तालिम गराउने स्वयंसेवी तथा सुत्केरी महिलालाई तालिम रु.३५१०० /-का दरले । | १५ | ७०१०० | १०५१५०० |
| २ | करेसा बारी प्रवर्द्धनका लागि उन्नत तरकारी बिउ वितरण ७५० जना | ७५० | २३० | १७२५०० |
| ३ | पोषण स्वयमसेवकलाई तलब सञ्चार पोशाक,यातायात | १ | २१७९९६ | २१७९९६ |
| ४ | पोषण स्वास्थ्य तथा बालविवाह सम्बन्धि सडक नाटक सबै वडामा | ११ | १९,३६४ | २१३००४ |
| | | | | |
| ५ | सुत्केरीलाई पोषण भत्ताको रु. .. को पोषण सामग्री वितरण | १५०० | १००० | १५००००० |
| ६ | वडा स्तरीय पो.स्वा.नि.स. सहित महिला स्वयम सेविका तथा स्वास्थ्य कर्मचारी सहितको अन्तर्क्रिया | ११ | १५०० | ५४००० |
| ७ | नगरस्तरीय पो.स्वा.स.नि. समितिको बैठक तथा अन्तर्क्रिया | २ | २७००० | ५४००० |
| ८ | गर्भवति सुत्केरी,कुपोषित बच्चाहरु तथ्याङ्क संकलन तथा प्रतिवेदन | ११ | १३०० | १४३०० |
| ९ | सघन अनुगमन | २ | ३१८,५० | ६३७०० |
| १० | पोषण स्वयम सेवकहरुलाई थप भत्ता | १२ | ४००० | ४८००० |
| | मि.न.पा. बाट | | | १८४५००० |
| | जम्मा बजेट | | | ३५००००० |

संशोधन (संशोधित बजेटका बाँडफाँड)

| सि.नं. | कार्यक्रम विवरण | परिमाण | दिन संख्या | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क) संक्षिप्तमपूर्ण समयमा हातधुने बानी व्यवहारमा प्रवर्द्धनका लागि अभिमुखीकरण सहित धारा सहितको बाल्टिन १,नेलकटर १,साबुन प्रत्येक ... पाँच वटा सहभागी ... समेत | ७५० | २ | ७०० | ५२५०००. | |
| | ख) ... सुनौला हजार दिनका | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आमाहरूलाई गर्भे सम्बन्धित विषयगत आमाहरूका समूहमा २ दिन अभिमुखीकरण गोष्ठि प्रत्येक समूहमा ५० जनाका दरले १५ वटा समूहमा ७५० जना सहभागीहरूलाई समावेश गराइने ।<br>• प्रशिक्षक<br>• का.सा.<br>• खाजा<br>• ब्यानर<br>• विविध | <br>४x१५<br>१ x१५<br>६० x१५<br>१ x१५<br>१ x१५ | <br>२<br>२<br>२<br>१<br>१ | <br>१०००<br>२००<br>२००<br>१०००<br>१३०० | <br>१२००००<br>६०००<br>३६००००<br>१५०००<br>१९५०० | १०५१५००/- |
| २. | करेसा बारी प्रवर्धनका लागि उन्नत तरकारी बिउ वितरण | ७५० | १ | २३० | १७२५०० | |
| ३ | (क)पोषण स्वयमसेवकलाई सञ्चार,पोसाक,यातायात<br>(ख)पोषण स्व.से. लाई चाडवाड र पोशाक | १<br>१ | १२<br>१ | १६५००<br>२०,००० | १९८,०००<br>२०,००० | २,१८००० |
| ४ | पोषण स्वास्थ्य तथा वार्तावरण सम्बन्धि सडक नाटक | ११ | १ | १९,३६३.६४ | २,१३,००० | २,१३,००० |
| ५ | सुत्केरीलाई पोषण भत्ता(न.स.) का पोषण सामाग्री वितरण | १५०० | १ | १००० | १५००००० | १५००००० |
| ६. | वडा स्तरीय पो.ख. तथा नि. समितिको बैठक<br>• सहभागी(यातायात खर्च<br>• का.सा.<br>• खाजा<br>• विविध | <br>१४x११<br>१ x११<br>१७ x११<br>११ | <br>१<br>१<br>१<br>१ | <br>५००<br>२००<br>२००<br>४०० | <br>७७०००<br>२२००<br>३७४००<br>१२१००० | |
| ७. | नगर स्तरीय पोषण तथा खा.सु.नी समिति बैठक<br>• सहभागी<br>• का.सा<br>• खाजा<br>• स्टेसनरी<br>• विविध | <br>२५ x२<br>१ x२<br>२५ x२<br>२५ x२<br>२ | <br>१<br>१<br>१<br>१<br>१ | <br>७००<br>२००<br>२००<br>५०<br>१०५० | <br>३५०००<br>४००<br>१४०००<br>२५००<br>२१०० | ५४००० |
| ८. | गर्भवति सुत्केरी,कुपोषित बच्चाको तथ्याक संकलन<br>• म.स्व.स्व.से.<br>• विविध | <br>५४<br>१ | <br>१<br>१ | <br>४००<br>२२०० | <br>२०,८००<br>२२०० | २३००० |
| ९ | नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निकाय समितिको अभिमुखीकरण कार्यक्रम गत आ.व.को बाँकी १८ नं. फर्म अनुसार | १ | १ | ४७,९०० | ४७९,०० | ४७९,०० |
| १०. | संयुक्त अनुगमन<br>• समिति पदाधिकारी<br>• गाडी इन्धन खर्च | <br>२२ x२<br>२ | <br>१<br>१ | <br>१०००<br>६५५० | <br>४४०००<br>१३१०० | ५७१०० |
| ११ | पोषण स्वयम सेवकलाई थप भत्ता | १ | १२ | ३५०० | ४२००० | ४२००० |
| | | | | | ३५००००० | ३५००००० |
| | कुल जम्मा | | | | | |

जम्मा रकम अक्षरेपी रु पैतिस लाख मात्र

निर्णय न.२:- प्रस्ताव न.२ माथि छलफल गर्दा ढल्केवर बजार क्षेत्रमा विभिन्न किसिमका आपराधिक गतिविधि बढिरहेको र अपराधिक क्रियाकलापमा संलग्न मानिसहरुको पहिचान गर्न C.C.TV फुटेजको महत्वपूर्ण भूमिका हुन हुँदा ढल्केवर चौकको सम्राट होटल अगाडि पूर्व-पश्चिम राजमार्गको रोड छेउमा-एक, इलाका प्रहरी कार्यालय ढल्केवर अगाडी पूर्व पश्चिम राजमार्गको छेउमा-दुई,शिविर मन्दिर अगाडि पूर्व-पश्चिम राजमार्गको छेउमा तीन,कृषि बजार अगाडी पूर्व-पश्चिम राजमार्गको छेउमा-चार,महेन्द्र मा.वि.स्कुल अगाडी ढल्केवर जनकपुर सडक खण्डमा-पाच,C.C.TV जडान गर्नका लागि ईलाका प्रहरी कार्यालय ढल्केवर धनुषाको च.न.११६८ मिति२०७६/१०/२६ को पत्रबाट माग भई आएकाले सरकारी,अर्धसरकारी कार्यालय सुदृढिकरण शिर्षकबाट खर्च हुने गरी रु.३६५७२०(तीन लाख पैसठ्ठि हजार सात सय बिस) C.C.TV जडान गर्न ईलाका प्रहरी कार्यालय ढल्केवर धनुषालाई दिन निर्णय पारित गरियो ।

निर्णय न. ३ :- प्रस्ताव न.३ माथि छलफल गर्दा तपसिल बमोजिमका वडाहरुबाट सिफारिस भई आएका र नगरकार्यपालिकाको कार्यालयमा दर्ता हुन आएका आर्थिक सहायताको निवेदन अनुसार तपसिल अनुसारका आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(क)मिथिला न.पा.वडा नं.९ को च.न. ७६४ मिति २०७६/११/१ को पत्र अनुसार मिथिला न.पा.वडा नं.९ मा बस्ने कुमार विश्वकर्मा क्यान्सर रोगबाट पिडित भई उपचाररत रहेकोमा आर्थिक अवस्था कमजोर भई उपचारमा समस्या परेको भनि लेखि आएकोले निजलाई नगर विपन्न आर्थिक सहायता शिर्षकबाट रु.२५०००/-(पच्चिस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

(ख)मिथिला न.पा. वडा ६ मा बस्ने दिल माया लामाको पति माणिक लामाको कामको सिलसिलामा बिजुलीको हाईटेन्सन लाइनको तारमा छुन गई घाइते भई उपचारको क्रममा २०७६/१०/२० गते मृत्यु भएको र निजको घरको आर्थिक अवस्था अति कमजोर भएकोले आर्थिक सहयोगका लागि ६ नं. वडा कार्यालयको च.नं.१४८१ मिति२०७६/११/१ को पत्र यस न.पा.मा दर्ता हुन आएकोले निजको घरको आर्थिक अवस्थालाई मध्यनजर गरी माणिक लामाको पत्नि दिलमाया लामालाई विपन्न आर्थिक सहायता शिर्षकबाट रु.१०००० -(दश हजार मात्र) आर्थिक सहायता दिने निर्णय पारित गरियो ।

निर्णय न. ४.- प्रस्ताव न.४ माथि छलफल गर्दा वडा न.११ मा झुल वितरणका लागि २०७६साल मंसिर महिनामा नै तथ्याङ्क संकलन गरि झुल वितरण समेत सम्पन्न भइसकेको र सो कार्यमा रु.४५५००/-(पैतालिस हजार पाच सय मात्र) खर्च भएकोले विविध शिर्षकबाट भुक्तानी दिन निर्णय पारित गरियो ।

निर्णय न. ५ :- प्रस्ताव न.५ माथि छलफल गर्दा पाचौं नगरसभाको तयारीका लागि मिथिला नगरपालिकाको कार्यपालिकाको बैठक मिति २०७६/१२/२ गते र मिति २०७६/१२/५ गते बिहान ११ बजे बस्ने निर्णय पारित गरियो ।

निर्णय न. ६ :- प्रस्ताव न.६माथि छलफल गर्दा मिथिला नगरपालिकाको पाँचौ नगरसभा मिति २०७६/१२/६ गते ११ बजे देखि प्रारम्भ गर्ने निर्णय पारित गरियो ।

निर्णय न. ७:- प्रस्ताव न.७ माथि छलफल गर्दा ११ वटै वडा कार्यालय र सबै शाखाहरुबाट मिति २०७६/१२/२ गते भित्र योजना थप, घट र संसोधन गर्नुपर्ने भए सोको विवरण नगरपालिकामा आईसक्नु पर्ने निर्णय पारित गरियो ।

निर्णय न. ८ :- प्रस्ताव नं.८माथि छलफल गर्दा मिति२०७६/१२/२५ गते भित्र मिथिला नगरपालिकाको आर्थिक विवरण सहायक पाँचौ जगरनाथ महतो,क.अ सन्जिव प्रसाद घिमिरेले नगरप्रमुख ज्यु समक्ष पेश गर्नु पर्ने निर्णय पारित गरियो ।

निर्णय न. ९ :- प्रस्ताव न.९माथि छलफल गर्दा पाँचौ नगरसभाको लागि योजना थप,घट र संसोधन गर्नको लागि तपसिल बमोजिमका पदाधिकारी तथा कर्मचारीलाई कामको जिम्मेवारी दिन निर्णय पारित गरियो ।

तपसिल :-

१ सविन विक्रम थापा-वडा अध्यक्ष वडा न.१०
२ बिहारी महतो-वडा अध्यक्ष वडा नं.२
३ ठेट कुमारी दहाल-कार्यपालिका सदस्य
४ जगरनाथ महतो-सहायक पाँचौ
५ सन्जिव प्रसाद घिमिरे-क.अ
६ सबै शाखा प्रमुखहरु मि.न.पा.ढल्केवर धनुषा

निर्णय न. १० :- प्रस्ताव न.१०माथि छलफल गर्दा पाँचौ नगरसभा २०७६/१२/६ गते बिहिवार देखि प्रारम्भ हुने हुँदा नगरसभाको व्यवस्थापनमा मन्च,खाना,नास्तास्टेसनरी तथा अन्य व्यवस्थापनका लागि तपशिल बमोजिम समिति गठन गरियो ।

१ गया प्रसाद गुप्ता -संयोजक(स पाँचौ)
२ जिना लामा-सदस्य(स चौथौ)
३ लक्ष्मी थपलिया-सदस्य(स चौथौ)

Scanned by TapScanner